# लिखुपिके गाउँपालिका

## परिचय

लिखुपिके गाउँपालिका सोलुखुम्बु जिल्लाको दक्षीण पश्चिमी भागमा रहेको छ । यस गाँउपालिकामा अवस्थित प्रसिद्ध लिखु नदी र पिके चुचुरोको नामबाट यस गाँउपालिकाको नामाकरण गरीएको हो । नेपालको ७५३ स्थानीय तह मध्यको सोलुखुम्बु जिल्लामा अवस्थित लिखुपिके गाउँपालिका नेपाल सरकारले मिति २०७३।११।२७ गतेको स्थानीय तह घोषणाबाट साविकको चौलाखर्क गा.वि.स., गोली गा.वि.स. र भकान्जे गा.वि.स.लाई समेटेर स्थापना भएको हो । हाल यस गाउँपालिकामा पाँचवटा वडा कायम भई गाउँपालिकाको केन्द्र काफ्लेचौर(छिकुम) मा निर्माण हुने तयारीमा छ ।

यो गाउँपालिका धार्मिक, साँस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण छ । यसको सिमाना भएर बग्ने लिखु नदी सप्तकोशी नदीको एक सहायक नदी पनि हो । यस गाउँपाललकाको अग्लो मध्यको एक पिके डाँडा हिमाली दृश्य अवलोकनको लागि निकै मनोरम र रमणीय स्थान हो । यसरी नदीको तिर देखि पहाडको शिर सम्मको भू-भाग यहाँ रहेको हुँदा यस गाउँपालीकाको नाम लिखु पिके राखिएको हो ।

**भौगोलिक अवस्थितिः**

१. उचाइः १२९७ देखि ४२१७ मिटर (समुन्द्र सतहदेखि)

२. क्षेत्रफल: १२४.३८ वर्गकिलोमिटर

३. सिमाना:

- पुर्वमा सोलुदुधकुण्ड नगरपालिका
- उत्तर पुर्वमा सोलुदुधकुण्ड नगरपालिका, उत्तर पश्चिममा उमाकुण्ड गाउँपालिका
- पश्चिममा रामेछापको उमाकुण्ड गाउँपालिका
- दक्षिणमा ओखलढुंगाको खिजिदेम्बा गाउँपालिका

४. राजनीतिक तथा प्रशासनिक विभाजन

- प्रदेश : कोशी प्रदेश
- जिल्ला : सोलुखुम्बु
- प्रदेश क्षेत्र : ख
- वडा संख्या : ५

**यस गरिमामय सभामा उपस्थित उपाध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्ष तथा गाउसभाका सदस्यज्यूहरु, गाउँपालिकाका कर्मचारीज्युहरु, सुरक्षाकर्मी साथीहरु, पत्रकार मित्र, राजनीतिक दलका प्रतिनिधिहरु एबम् उपस्थित महानुभावहरु !!**

आज म यस गरिमा मय सभामा लिखुपिके गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने सम्पूर्ण नेपाली नागरिक र श्रद्धेय नेताहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन-रुस युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल समुन्नत नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ।

यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ । सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । अबको कार्यकालमा लिखुपिके गाउँपालिकालाई विकास निर्माण, सेवा प्रवाह, शुसासन, जनताको जीवनस्तर उकास्न र शिक्षा, स्वास्थ्य, कृषि र घरेलु उद्योग स्थापनाको सहायताले आन्तरिक आयबृद्धिको हिसाबले नमुना पालिका निर्माणको महा अभियानमा होमिएका छौं। यो पवित्र लक्ष्यको पुरिपुर्तीका लागि हामीसबैसँग हातेमालो गरेर अगाडी बढ्ने प्रण गर्दछौं।

यस गरिमामय गाउँसभाका सदस्यज्यूहरु,
अब हामी लिखुपिके गाउँपालिकाको दिर्घकालिन सोच, रणनीति, प्राथमिकता तथा उद्देश्य सहितको आर्थिक वर्ष २०८०/८१ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## प्राथमिकताहरु

गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुका आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरीए अनुसारका विषय क्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गरीएको छ । यी प्राथमिकताका आधारमा गाउँपालिकाले आयोजना छनौट, लगानी वृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

### ➢ सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- शिक्षा
- स्वास्थ्य
- धार्मिक, साँस्कृतिक विकास
- खेलकूद
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण
- ऊर्जा तथा सिंचाई

### ➢ आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- कृषि तथा पशुपालन
- उद्योग
- बित्तिय तथा सहकारी
- गैर सहकारी संस्था
- रोजगारी
- पर्यटन

- सूचना तथा संचार सम्बन्धि नीति तथा कार्यक्रम
- शुसाशन तथा संस्थागत विकास
- वन वातावरण, जलबायु परिबर्तन तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रम
  - वन तथा वातावरण
  - विपद व्यवस्थापन तथा जलबायु परिवर्तन
  - खानेपानी तथा सरसफाई
- भौतिक पुर्बाधार विकास (सहरी योजना, बस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धि नीति तथा कार्यक्रम
- न्यायिक शाखा सम्बन्धि नीति तथा कार्यक्रम
- राजस्व परिचालन तथा स्रोत अभिवृद्धि सम्बन्धि नीति
- भुमि सुधार सम्बन्धि नीति
- योजना, कार्यन्वयन, अनुगमन तथा मुल्यांकन सम्बन्धि नीति तथा कार्यक्रम
- साझेदारी

## विद्यमान अवसरहरू:

सभा सदस्यज्यूहरु, हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन :

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
- सडक निर्माणमा भएको कारण लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

## विद्यमान चुनौतीहरू:

सभा सदस्यज्यूहरु,हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन:

- रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

- वजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
- गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
- युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
- व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
- वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्न ।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
- भिरालो ठाउँ, बाढी तथा पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।
- बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।
- सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को मापदण्ड अवलम्वन नगरि दोहन रोक्नु ।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लागत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**हाम्रो दुरदृष्टीः**

> "कृषि, पर्यटन, उर्जा र पूर्वाधार
> लिखु पिके विकासको मुल आधार"

**हाम्रो मुल मन्त्रहरुः**

> "सेवामूखि प्रतिबद्ध नेतृत्व, सुशासनयुक्त संयन्त्र
> जिम्मेवार नागरिक, लगनशिल कर्मचारी"

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)

- नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियावाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ।
- पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ।
- गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
- यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ।

# आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभा सदस्यज्यूहरु, अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा

- शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्धन गरिने छ ।
- गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ । त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप, नैतिक शिक्षा र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।
- विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुको व्यवहारिक समस्या पहिचान गरि विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ ।
- विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा शिक्षकहरुको अनुभवलाई उपयोग गरिनेछ ।
- विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ ।
- सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।
- "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ ।
- विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
- विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।

- विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यार्थीहरुलाई छात्रबृत्तिको व्यवस्था गर्न विभिन्न गैह्रसरकारी संस्थासँग सहकार्य गरी समुचित प्रबन्ध गरिनेछ।
- आवश्यक विद्यालयलाई विश्व बजारमा प्रतिष्प्रर्धी बनाउन आगामी शैक्षिकसत्र देखि अंग्रेजी भाषामा सुधार गरिनेछ। जसका लागि सम्भव भएसम्म यही शैक्षिक सत्र भित्र सोखुलुम्बुका अन्य पालिकासँग सहकार्य र साझेदारी गरी हरेक विषयको पाठ्य पुस्तकलाई अंग्रेजीमा पनि रुपान्तरण गरी नेपाली- अंग्रेजी समष्ठीगत पाठ्यपुस्तक प्रकाशन गरी पढाइनेछ।
- हरेक विद्यालयमा विद्युतीय हाजिरिको व्यवस्था गरि दैनिक हाजिरि अभिलेख सिधै गाउँपालिकाबाट मनिटरिङ हुने सफ्टवेरको व्यवस्था गरि लागु गरिनेछ।
- सबै सामुदायीक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशिल लगायतका मापदण्डमा आधारित रहेर मुल्यांकन गरि प्रधानाध्यपक/शिक्षकलाई प्रोत्साहन गर्न **"टिचर अफ द मन्थ"** कार्यक्रम संचालन गरि महिनाको एकजनाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायीक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई बहुप्रतिभाशाली बनाउदै, बहुआयामिक व्यक्तित्व निर्माण गर्ने हेतुले विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिईने छ। हरेक प्रकारका खेलकुद, नृत्यकक्षाहरु, विभिन्न प्रतियोगिता संचालन गरिनेछ।
- विद्यालयमा स्वास्थ्य तथा सरसफाईयुक्त वातावरण निर्माण गरिनेछ साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- केन्द्र सरकार तथा प्रदेश सरकारको सहकार्यमा किशोरी छात्राहरुलाई नियमित रुपमा विद्यालयमा उपस्थित हुनको लागि प्रोत्साहित गरिने छ भने कटन जस्ता स्वदेशी सामागृ प्रयोग गरि स्यानेटरी प्याड बनाउन सिकाईने छ भने स्यानेटरी प्याड निर्माणमा अनुदान दिईने छ साथै किशोरीहरुलाई आधुनिक प्रविधिको मिन्सुरेसन्स कप वितरण गरिनेछ।
- विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार तथा जवाफदेही बनाइनेछ। साथै विद्यालय व्यवस्थापन समिति गठन गर्न बाँकी विद्यालयहरुमा तुरुन्त गठन गरिनेछ।
- घरमा पनि विद्यार्थीहरुलाई अध्ययन गर्ने वातावरण श्रृजना गरिदिन अभिभावकहरुलाई पहल गरि बेला बेलामा अभिभावक भेलाको व्यवस्था पनि गरिनेछ। साथै बिद्यार्थीहरुको सबल र कमजोर पक्ष पहिचान गरि समाधानको उपाय खोजिनेछ।
- परिणाममूखि शिक्षा नीति लागु गरिनेछ। उत्कृष्ट नतिजा निकाल्ने शिक्षकलाई प्रोत्साहन गरिनेछ। साथै कमजोर नतिजा निकाल्ने शिक्षकलाई आवश्यक सुधारात्मक कदम चालिनेछ।
- लिखुपिके गाउँपालिका भित्र अध्ययन गरी SEE परिक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलर्गई पुरस्कृत गरिनेछ।

- लिखुपिकेका ग्रामिण भेगमा रहेका विद्यालयहरुमा शिक्षक अभावको समस्या न्युनिकरणका लागी गुणस्तरिय शिक्षा प्रदान गर्न " अध्यक्षसँग युवा विद्यार्थी " तथा घुम्ती शिक्षक कार्यक्रम संचालन गरिनेछ ।
- विद्यार्थीहरुलाई शिक्षा सामाग्रीहरु अनुदान कार्यक्रम ल्याइनेछ ।
- विद्यार्थीहरुलाई हप्तामा एक पटक व्यवहारिक ज्ञान सिकाई अभ्यास समेत गराइनेछ ।
- श्री हिमगंगा मा.बि., बुद्ध मा.बि., चन्द्रज्योति मा.बि. मा टिभि सहित अडियो भिज्योल (Audio/Visual) कक्षको व्यवस्था गरिनेछ जसले गर्दा शिक्षाको स्तरमा वृद्धि भई बिद्यार्थी भर्नामा समेत टेवा पुर्याउनेछ ।
- नियमित रुपमा शिक्षा शाखा, गाउँ शिक्षा समिति तथा जनप्रतिनिधिहरु द्वारा बिद्यालयहरुमा अनुगमन गरिनेछ । अविभावकहरुको गुनासो संकलन गरि कार्यन्वयन गरिनेछ ।
- शैक्षिक प्रणालीमै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार व्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

## स्वास्थ्य

- गाउँपालिकाको स्वास्थ्य नीति तर्जुमा गरिनेछ ।
- आधारभूत औषधीहरु अनिबार्य रुपमा गाउँपालिकामा नै उपलब्ध गर्ने व्यवस्था गरिनेछ ।
- खोप कार्यक्रम र स्वास्थ्य घुम्ति सेवा नियमित रुपमा संचालन गरिनेछ ।
- नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनस्थापना सेवालाइ सहज र नियमित वनाइनेछ ।
- पाँच बेडको आधारभुत अस्पताल समयमै निर्माण सम्पन्न गरी एम.डी.जी.पि, मेडिकल अफिसर तथा आबश्यक सम्पुर्ण कर्मचारीहरुको व्यबस्थापन गरेर २४ सै घण्टा आधारभुत तथा आक़स्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा बिकसित गरिने छ । स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माण तथा व्यबस्थापनमा बिशेष जोड दिइने छ ।
- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागी बर्षभरी आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्रीहरुको उपलब्धता सुनिश्चित गरिने छ ।

- पैसठी (६५) बर्षमाथिका बृद्धबृद्धा तथा शारीरिक रुपमा अशक्त, अपाङ्गता भएका ब्यक्तिहरु र आधारभुत स्वास्थ्य सेवाको पहुँचमा आउन नसकेका समुदायको हकमा नियमित रुपमा घरघरमा पुगेर स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य र पोषण स्थितिमा सुधार गर्न तथा स्वास्थ्य र पोषणसँग सम्बन्धित ब्यबहारहरू परिवर्तन गर्ने उद्धेश्यले गर्भवती तथा सुत्केरी महिलाहरुको लागी "सुत्केरी घरभेट कार्यक्रम" निरन्तरता दिईनेछ।
- गाँउपालिका भित्रका सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवाको पहुँच पुर्याइने छ साथै स्थानीय स्वास्थ्य संस्थाहरुमार्फत नै बिशेषज्ञ सेवाको परामर्शको लागी टेलिमेडिसिन सेवाको सञ्चालन गरिने छ ।
- स्वास्थ्यकर्मी तथा स्वास्थ्य जनशक्तिहरुलाई पछिल्ला प्रबिधि, उपचार पद्धती तथा सीपहरुसँग समयानुकुल परिबर्तन हुनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै थप सीप तथा क्षमता बिकास तालिम कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सम्भाबित महामारी तथा बिपतको अवस्थासँग जुध्नको लागी र रेस्पोन्स गतिबिधिहरुलाई प्रभावकारी बनाउनको लागी आबश्यक पर्ने स्वास्थ्यको भौतिक पुर्वाधार, स्वास्थ्य सामाग्री तथा जनशक्तिको ब्यवस्थापनमा बिशेष जोड दिइने छ ।
- समस्याहरु पहिचान तथा उपचार गर्ने उद्धेश्यले समुदाय स्तरमा नै सो समस्याहरुको स्क्रिनिङ तथा उपचार शिबिर सञ्चालन गरिने छ ।
- विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ । साथै नर्सको व्यवस्था पनि मिलाइने छ ।
- बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ ।
- आर्थिक रुपमा अति बिपन्न गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ ।
- महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।
- स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।
- सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ ।

- गरिब, अशक्त, गर्भवती, सुत्केरी तथा ७० बर्ष माथिका व्यक्तिहरुलाई एम्बुलेन्स सेवामा विशेष छुट दिइने छ ।
- स्वास्थ्य वीमा कार्यक्रमको थालनी गरिनेछ । साथै गाउपालिकाको तर्फ बाट अनुदान दिईनेछ ।
- आवश्यकता अध्ययन गरी बेला बेलामा मेडिकल कन्सलट्यान्ट (Medical Consultant) हरु संग समन्वय गरी विभिन्न स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
- प्रत्येक वडाहरुमा स्वास्थ्य जनचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
- उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम उपाय भने जस्तै ज्येष्ठ नागरिकहरुको रोगको समयमै पहिचान र रोकथाम गरी जिवनको रक्षाको लागी 'गाउँपालिका अध्यक्ष ज्येष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम' अन्तर्गत ६० बर्ष पुगेका नागरिकलाई निशुल्क होल बडी स्वास्थ्य परिक्षण गरिनेछ ।
- 'आहतमा परेकालाई राहत' दिनु पर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै विपदमा परेका जटिल प्रकृतिका रोग लागेकालाई सामाजिक संरक्षणको जिवन चक्र सिद्धान्त अन्तर्गत 'अध्यक्ष मार्फत विपद सहयोग' कार्यक्रम मार्फत विपदमा परेकालाई सहयोगको व्यबस्था मिलाईनेछ ।

## धर्म संस्कृति

- गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षणको नीति लिइनेछ ।
- विभिन्न मठ मन्दिर गुम्बा तथा धार्मिकस्थलहरुको भौतिक पूर्वाधार मर्मत सम्भार एवं आवश्यक जिर्णोद्वार गरिनेछ । यसका लागि आवश्यकता पहिचान गरी बजेट उपलब्ध गराउने नीति लागू गरिनेछ ।
- कुल, गुठी, मन्दिर, गुम्बा आदिलाई सहयोग गरिनेछ ।

## युवा तथा खेलकुद

- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
- विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।

- वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ ।
- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ ।
- गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ ।
- परम्परागत खेलहरु भलिबल, डण्डिबियो, बाघचाल, कबड्डि, लगातयलाई संरक्षण र प्रवर्धन गरिने छ ।
- विभिन्न किसिमका खेलकुद प्रतयोगिताहरु आयोजना गरिनेछ ।
- क्लव तथा विद्यालयहरुलाई खेलकुद सामाग्री उपलब्ध गराइनेछ ।
- भलिबल खेल तथा संगीत, नृत्यकलाको लागि प्रशिक्षकको व्यवस्था गरिनेछ ।
- अध्यक्षकप प्रतियोगिता लाई निरन्तरता दिइने छ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण (महिला, वालवालिका जेष्ठ नागरिक तथा अपांगतर्फ )

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ ।
- विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ ।

- 'हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान' अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

महिला

- महिलाहरुलाई आर्थिक रुपमा सम्पन्न बनाउन महिला समुह, महिला सहकारी गठन गरि आय आर्जनका क्रियाकलापमा संलग्न गराईनेछ भने बचतको बानी समेत विकास गराइनेछ । महिलाहरुलाई आम्दानीसँग जोड्ने कार्यक्रम लागु गरिनेछ ।
- विपन्न तथा पछाडी परेका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- परम्परागत सीपहरु भएका महिलाहरुको तथ्यांक संकलन गरि त्यस्ता सिपहरुको नयाँ पुस्तामा हस्तान्तरण गरिनेछ साथै आधुनिक सिपहरु सिकाई आत्मानिर्भर बनाईनेछ ।
- एकल महिलाहरुलाई सीपमुलक कार्यक्रम संचालन गरी स्वावलम्बन बनाइनेछ ।
- महिलाहरुलाई पेशामा निर्वाध ढंगले लाग्ने अधिकार स्थापित गरिनेछ ।

बालबालिका

- बालबालिकाहरुको क्षमता प्रस्फुटित गराउनका लागि बालक्लव, बालसंजाल र किशोरी समुहहरु गठन गरि क्षमता अभिबृद्धि गर्ने खालको कार्यक्रम लागु गरिनेछ ।
- उमेर पुगेर पनि विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालय भर्ना गराउन पालिका समुदाय साझेदारीमा विशेष अभियान संचालन गरिने छ ।
- एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ ।
- गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ ।
- गाउँपालिका अध्यक्षसँग वालवालिका कार्यक्रम ' मार्फत वाल अधिकार संरक्षण र प्रवर्धन गर्नुका साथै वालवालिकाको क्षमता पहिचान गरी प्रोत्साहन गरिनेछ ।

अपाङ्ग

- अपाङ्ग र असहाय व्यक्तिहरुको समस्या र आवश्यकताको पहिचान गरि ह्वील चियर, बैशाखी जस्ता जीवनयापनमा सहज हुने सामाग्री प्रदान गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति तथा असहायका ज्ञान एवं सीपहरुको प्रोफाईल बनाई अध्यावधिक गरिनेछ।
- अपाङ्ग र असहाय व्यक्तिहरुले अगाडी सारेका कृषि तथा लघु उद्यम सम्वन्धि परियोजनालाई अनुदान दिइनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन तथा उनीहरुको मनोबल उच्च राख्नका लागि सीपमुलक कार्यक्रम संचालन गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाउने खालका कार्यक्रमहरु लागु गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

## ज्येष्ठ नागरिक/सामाजिक सुरक्षा

- बृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउँदै विभिन्न बैंक तथा वित्तिय संस्थाहरुसँग सम्झौता गरी घरघरमै वितरणको व्यवस्था मिलाइने छ ।
- जेष्ठनागरिक प्रोत्साहन कार्यक्रम संचलान गरिने छ । साथै जेष्ठ नागरिकहरुसँग रहेको संस्कार, अनुभव, तथा सामाजिक व्यवहारलाई भावि युवा पुस्तामा अन्तरक्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
- दीर्घ रोग भएका बृद्धबृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरु निशुल्क उपलब्ध गराइने छ ।
- मृत्युपछि संस्कार खर्च स्वरुप रु.५०००।- अध्यक्षको हातबाट उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## ऊर्जा तथा सिँचाई

- गाउँपालिकाको हरेक घरमा राष्ट्रिय प्रसारण लाईनको पहुँच पुर्याई २४ सै घण्टा घरघरमा विजुली बल्ने उज्यालो पालिका घोषणा गरिने छ ।
- पालिकामा संचालित लघुजलविद्युत आयोजनाको उचित ब्यवस्थापन गरि यहाँका जनतालाई अधिकतम लाभ हुने गरि नेपाल विद्युत प्राधिकरणसँग समझदारी गरिने छ भने सहकारी र सामुदियक वितरण केन्द्र मार्फत आउने बिजुलीलाई व्यवस्थित बनाईनेछ ।
- मुख्य व्यापारिक केन्द्र काफ्लेचौर तथा मुख्य मुख्य सडक मार्ग र चोकहरुमा विद्युतीय सडक बत्ति राख्ने कार्यलाई विभिन्न निकायसँगको समन्वयमा अगाडी बढाईने छ । जस्को सहायताले रात्रिकालिन समयमा पनि सडक सुरक्षा कायाम गर्न सहज हुने छ ।
- लिखुपिके गाउँपालिका प्रभावित क्षेत्र रहेका जलविद्युत आयोजनामा जनताको अपनत्वको सुनिश्चितता गर्न सबैलाई संस्थापक शेयर उपलब्ध गराई जनतालाई जलविद्युतको स्वामित्व

दिलाइनेछ । जलविद्युत आयोजनाबाट अतिप्रभावित क्षेत्रका नागरिकलाई अधिकतम शेयर उपलब्ध गराउन पहल गरिनेछ ।

- खेतिपाति गरिने क्षेत्रको जमिनमा सिंचाई सुविधा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिंचाइ प्रणालीको छनौट गर्दा यथासम्भव सवै वडा समेटिने, वाली विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने खालका सिंचाइ प्रणाली छनौट गरिनेछ ।
- जलविद्युत् आयोजनाले सामाजिक उत्तरदायीत्व अन्तर्गत यहाँका नागरिकको हित र वातावरण अनुकुलन कार्यक्रम प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न स्थानीय सरकार मार्फत एक द्वार प्रणालीमा खर्च गर्न आवश्यक समन्वय तथा निति तर्जुमा गरिनेछ । यस अधिका खर्च भएको सामाजिक उत्तरदायीत्व बमोजिमको रकम सहि ठाउँमा र तोकिए बमोजिमको रकम खर्च भए नभएको बारे यकिन गरिने छ । त्यसको हिसाव किताव गाउँपालिकाले पनि पारदर्शी रुपमा राख्ने छ ।
- जलविद्युत आयोजनालाई परिधि भित्र राखी प्रभावित क्षेत्रप्रति उत्तरदायी गराई थप विकासका लागि पहल गरीने छ ।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्ला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।
- उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा व्यावसायिक वातावरणको विकास गर्नेछ ।
- उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।
- विश्वव्यापी खाद्यान्न संकटको सामाधान गर्न गाउँपालिकामा बसोबास गर्ने सबै नागरिकको खाद्य सुरक्षाको प्रत्याभुती गरिनेछ । सबै तहका सरकार वीच सहकार्य गरी वहुआयामिक कृषि उत्पादनमा जोड दिदै लिखुपिके गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर स्थानीय तह बनाउनका लागी सिचाँई, विउबिजनको व्यवस्था मिलाईनेछ ।

- लिखुपिकेको मौलिक उत्पादनको ब्रान्डिङलाई प्रमोसन र प्रवर्धन गरिनेछ ।
- लिखुपिकेको जल, जमिन, जङ्गल, जडीबुटीको महत्व उपयोग गर्न नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका होटल, रिसोर्ट, होमस्टेहरुको प्रभावकारी नियमन गर्दै यिनलाई आन्तरिक तथा वाहय पर्यटन प्रवर्दन गर्न महत्वपूर्ण आधारको रुपमा बिकास गरिनेछ ।
- स्थानीय आर्थिक विकास योजना तयार गरिनेछ ।
- स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना गरिनेछ ।
- व्यावसायिक सीप विकास तालिम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा गरिनेछ ।
- 'समृद्धिका लागि युवाको क्रियाशिलता, हातमा सिप र दिमागमा उद्यमशिलता' सोच कार्यान्वयनका लागी 'उपाध्यक्षसँग उद्यमशिल कार्यक्रम' मार्फत युवाको सिपलाई उत्पादसँग जोडी युवाद्वारा उत्पादित बस्तुलाई ब्रान्डिङ गरिनेछ ।

## कृषि तथा पशुपालन

- गाउँपालिका भित्रका खेतियोग्य जमिनको अवस्थाबारे विवरण तयार गर्न माटो परीक्षण गरी कुन जमिनमा कस्तो नगदेबालि लगाउन सकिन्छ बैज्ञानिक तथ्य साथ किसानलाई सिफारिस गरिनेछ ।
- लिखुपिके गाउँपालिकालाई अलैची पकेट तथा ओखर जोन र लोडसल्लो, चिया क्षेत्रको रुपमा थप विकशित गरी अलैचीमा देखा परेको रोग निर्मुल पार्नका लागि आवश्यक कदम चालिनेछ ।
- सबै प्रकारका तरकारी र फलफुल खेतिको विउ, बेर्ना र आवश्यक अनुदान उपलब्ध गराइनेछ । पालिकामा स्थानीय कृषि उत्पादन बृद्धि गर्दै स्थानीय उत्पादनमा आत्मानिर्भर कृषि तर्फ अग्रसर गराईने छ ।
- तोरी तेलमा आत्मानिर्भर बनाउन हरेकको करेशाबारिमा तोरी खेति गर्न प्रोत्साहन गरि तोरीको विउ निशुल्क वितरण गरि प्राविधिक सहयोग समेत प्रदान गरिने छ ।
- कृषि बालिमा लाग्ने रोग किराहरुको रोकथाम, कृषकहरुलाई खेति प्रविधिको बारेमा जानकारी गराउन तथा निदान र पशुचौपायाहरुमा लाग्ने रोगहरुको उपचारका लागि टोलटोलमा प्राविधिकहरुलाइ ,कृषि जेटिए र पशु चिकित्सक खटाईनेछ ।
- प्रांगरिक मलको सुनिश्चितता गर्न पशुपालन गर्ने कृषकहरुको गोठ सुधार कार्यक्रम लागु गरिने छ।
- कृषकहरुलाई कृषि अनुदानको समुचित प्रबन्ध गर्दै नगदेबालि खेतिलाई प्रोत्साहन गरिने छ ।

- धान, गहुँ, कोदो, फापर, आलु, मकै जस्ता परम्परागत खेतिबाट उत्पादन बढाउन उन्नत जातको विउविजन, प्रांगरिक मल लगायत आवश्यक प्राविधिक सहयोग गरि अर्गानिक उत्पादनलाई प्रोत्साहन गरिने छ ।
- गाउँपालिकामा कृषि तथा पशुपालनका क्षेत्रमा सहुलियत पूर्ण ऋणका लागि बैंकहरुसँग सम्झौता गरि उपलब्ध गराईने छ ।
- व्यवस्थित कृषि बजार निर्माणको लागि डिपिआर तयार गरि कृषि हाट बजार निर्माणको काम अगाडी बढाइने छ ।
- गाउँपालिकालाई माछा र मासुमा आत्मनिर्भर बनाउन स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँगको समन्वयमा माछापालन, भेडा, राँगा, बाखा, बंगुर पालन, कुखुरा र कालिज फर्महरु संचालन गर्न अनुदानको व्यवस्था गरिनेछ ।
- दुग्धजन्य उत्पादनलाई बृद्धि गर्न पशु नश्ल सुधार कार्यक्रम संचालन गरिने छ ।
- वर्षेनी हुने दैवीक प्रकोपबाट किसानका बाली तथा पशु धनहरु नोक्सान भई आर्थिक रुपमा कृषकहरुले क्षती व्यहोरी रहेकोले विभिन्न विमा कम्पनीहरुसँग समन्वय गरी कृषिबाली विमा तथा पशु विमा गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।
- बेमौसमि खेतिलाई प्रवर्धन गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।
- परम्परागत कृषिलाई यान्त्रीकरण गरी व्यवसायीक बनाउन विभिन्न वडाहरुमा लागत साँझेदारीमा आधारित हाते ट्रयाक्टर, गहुँ कुट्ने मेसिन र मकै छोड्याने मेसिन वितरण गर्ने कार्यक्रम ल्याइनेछ।
- बाँदर तथा जंगली जनावारबाट हुने क्षति न्यूनिकरणको लागि विज्ञसँग परामर्श गरि उचित निष्कर्श निकालिने छ ।
- वनस्पतिक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ साथै जैविक झोलमल र प्रांगरिक मल उत्पादन केन्द्र निर्माणको लागि संभाब्यता अध्ययनको कार्यलाई अगाडी बढाइने छ ।
- चौरी प्रबर्धन कार्यक्रम संचालन गरिने छ ।
- पशुपालनमा लाग्ने लागत कम गरी उत्पादकत्व बृद्धि गर्नको लागि चरन क्षेत्र सुधार हिउँदे घाँसको बिउ बितरण तथा स्थानिय स्तरमा नै बिउ उत्पादन गर्न पशुपालक कृषकहरुलाइ प्रोत्साहन गरिनेछ।
- कृषकको क्षमता अभिबृद्धिको लागि पालिकास्तर तथा प्रदेशस्तरको तालिम केन्द्रसँग समन्वय गरी विभिन्न तालिम तथा गोष्ठीहरु संचालन गरिनेछ ।
- उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ ।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ ।
- गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
- उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै कृषि उपजको समर्थनमुल्य निर्धारण गरिनेछ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
- जग्गा बाँझो नराख्ने नीति सहित वाली बस्तुको विमा गर्न प्रोत्साहित गरिनेछ ।
- हरेक किसानसँग ' माटोको स्वास्थ्य परिक्षण कार्ड ' Soil Health Report Card मार्फत माटोको आम्लीय पन , खनीज पदार्थको अवस्थाको आधारमा कृषि प्राविधिकबाट रसायनिक मलको समानुपातिक प्रयोग गर्न सिकाउने व्यबस्था मिलाईनेछ ।
- कृषिलाई सम्मानित पेशाको रुपमा बिकास गर्न उत्कृष्ट कृषकलाई सामाजिक सम्मानको व्यबस्था मिलाईनेछ ।
- स्थानीय तहमा गठन भएका सहकारी संस्थाहरुको क्षमता बिकास गर्नुका साथै कृषि , पशु तथा श्रम सहकारी स्थापनामा जोड दिइनेछ ।
- लिखुपिकेको भौगोलिक सुन्दरता , कृषि वालीका कारण देखीने सुन्दरताको उपयोग गर्न यस लिखुपिके मा भ्रमण गर्न प्रोत्साहित गर्न प्रचार प्रसार गर्दै Agro Tourism को नीति लिइनेछ ।

## उद्योग

- औधोगिक तथा व्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ । औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।
- औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ । गाउँपालिका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्रमा रात्रीकालिन बजारको सुरुवात गरिनेछ ।
- उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ ।

- वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ ।
- उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ ।
- साना तथा मझौला उद्योग जस्तैः चिया खेती, किवी प्रशोधन, आलु चिप्स / फ्रेन्चफ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्स्य भूरा/माछापालन आदिको प्रोत्साहनका लागि आवश्यक अनुदान सहयोग उपलब्ध गराइनेछ ।
- उद्योग व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउँदै गाउँपालिकालाई उद्योग मैत्री पालिका (Industry Friendly Rural Municipality) को रूपमा विकसित गरिने नीति कायमै राखिनेछ ।
- गाउँपालिकाक्षेत्र भित्र रहेका परम्परागत सीपहरु भाँडाकुडा, सिलाइ, छालाजुता लगायतका सीपहरुलाइ व्यवसायीकरण गर्न प्रत्येक वडाहरुमा रकम उपलब्ध गराइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित उधोगहरुलाई वातावरणमैत्री एवं जोखिमरहित किसिमले सञ्चालन गर्ने गरि दर्ता प्रक्रियालाई सहजीकरण गरिनेछ ।
- विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिने छ ।

## पर्यटन

- लिखुपिके लाइ कृषि पर्यटनको लागि आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकसित गरिनेछ ।
- पिकेलाई King of the Hills को नामले विश्व सामुचिनाउन र प्रवद्धन गर्न नेपाल पर्यटन वोर्ड, पर्यटन व्यवसायी र निजि क्षेत्रसँग साझेदारी गरिने छ ।
- क्षेत्री-ब्राह्मण, शेर्पा, तामाङ, थामी, नेवार, दलित समुदाय आदिको मौलिक संस्कृति र संस्कारको सम्वर्धन एवं प्रवर्धन गरि पर्यटकको ध्यान आकर्षित गरिनेछ ।
- पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवाला सँगको समन्वयमा होमस्टेको व्यवस्था र प्रवर्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।
- शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।
- गाउँपालिकामा विज्ञहरु सम्मिलित पर्यटन प्रवर्धन समिति (Tourism Promotion Committee) गठन गर्दै उक्त समितिलाई सशक्तरुपमा परिचालन गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ यसका साथै दीर्घकालिन पर्यटन रणनीतिक योजना (Long term Tourism Strategic Plan) निर्माण गरि लागु गरिनेछ ।
- गाउँपालिका भित्र भएका जडीबुटी तथा वनस्पती चोरीको रोकथाम गरिनेछ ।
- गाउँपालिका भित्रका गुफा, मन्दिर, पुजास्थल र पोखरीको पहिचान गरी व्यापक प्रचार प्रसार गरिनेछ ।

- पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ ।
- ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ ।
- मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले ⁄ विलवोर्ड राखिनेछ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।
- अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका ⁄ नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

## वित्तीय तथा सहकारी

- कम्तिमा "एक वडा एक सहकारी" को अभियान प्रवर्द्धन गरी सहकारी मार्फत उत्पादन भएका वस्तु तथा सेवालाई प्ररोत्साहन गरिनेछ
- पालिकामा कृषि विकास बैंकको शाखा कार्यालय पुनस्थापनाको पहल गरिने छ ।
- सहकारीहरुसँगको सहकार्यमा आर्थिक सामाजिक विकासका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ साथै सहकारी डेस्क स्थापना गरी अनुगमन तथा नियमन गरिनेछ ।
- सहकारीहरुको लेखा प्रणाली व्यवस्थीत गर्नका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- पालिकाको भौतिक संपत्तिको सुरक्षाको लागि विमा गर्ने प्रयोजनार्थ निर्जिवन कम्पनीहरु आकर्षित गरिने छ ।

## गैर-सरकारी संघ-संस्था

- "विकासका लागि हातेमालो अभियान" सञ्चालन गर्न शिक्षा, स्वास्थ्य, पर्यटन, फोहोरमैला व्यवस्थापन लगायतका सामाजिक क्षेत्रहरूमा गैर-सरकारी संस्थाहरुसँग लागत सहभागितामा आधारित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

## रोजगारी

- १ वर्षमा कम्तिमा ५० जना युवालाई कुक, प्लम्बर, वाईरिङ, कृषि लगायत रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ जस्ले गर्दा ५वर्षभित्र गाउँपालिकामा बेरोजगारी उन्मुलन गरिनेछ ।
- गाउँपालिका भित्रका वेरोजगारहरुको तथ्यांक संकलन गरिने छ । पालिकाभित्र संचालित साना तथा ठूला परियोजनाहरुमा ति बेरोजगारहरुलाई प्राथमिकता दिने कार्यलाई सहजिकरण गरिनेछ ।
- यस पालिका भित्रका  स्वरोजगार बन्न चाहने युवा, व्यवसायी तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य वैक सँग सम्झौता गर्ने कार्य अगाडी बढाई युवा स्वरोजगारको सुनिश्चितता गरि विदेश पलायनलाई निरुसाहित गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार व्यक्तिहरुलाई निर्धारित मापदण्ड वमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै पालिका अन्तर्गत सबै वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गराइनेछ ।
- गाउपालिका रोजगार कार्यक्रम संचालन गरिनेछ ।

## सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

- "मेरो लिखु पिके" नामको मोवाइल एपलिकेशन तयार गरी संचालनमा ल्याइने छ ।
- गाउँपालिका प्रोफाईललाई डिजिटाईज गरी Digital Profile निर्माण गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।
- विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
- नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउंपालिका सूचनामैत्रि बनाइनेछ।
- फोर्जी ईन्टरनेट सेवा सहितको नेटवर्क विस्तार गरिने छ ।
- गाउँपालिका भित्रका सबै विद्यालय, स्वास्थ्य चौकी र प्रहरी युनिटहरुमा द्रूत गतिको ब्रोडव्याण्ड ईन्टरनेटको व्यवस्था गरिने छ । जसका लागि आवश्यक बजेट छुट्याईने छ ।
- जिल्लामा सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आत्मानिर्भर र समृद्ध बनाउन विशेष प्याकेज सञ्चालन गरिनेछ ।

- यस क्षेत्रका सञ्चारकर्मी र पत्रकारको व्यवशायीक विकास र दक्षता अभिबृद्धिका लागि नियमित तालिमहरु सञ्चालन गरिनेछ ।
- जिल्लामा संचालिंत संचार माध्यमहरुको दिगो संचालन गर्नका लागि गाउँपालिकाका गतिविधिलाई प्रबर्धन गर्ने संचार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ ।
- सर्वसाधारणलाई सूचनाको पहुँच पुर्‍याउनको लागि स्थानीय संचार माध्यमहरुलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गरिनेछ ।

## सुशासन तथा संस्थागत बिकास सम्बन्धी नीति तथा कार्यक्रम

- लिखुपिके गाउँपालिका प्रविधि मैत्री गाउँपालिकाको रुपमा पहिचान गराउन डिजिटल गाउँपालिकाको रुपमा बिकास गरिने नीति लिईनेछ ।
- लिखुपिके गाउँपालिकाको बित्तिय कारोबारलाई कम्प्युटराईज गरी थप व्यबस्थित गरिनेछ । वडास्तरबाट संकलन हुने राजस्वलाई पारदर्शी एवं प्रभावकारी बनाउन गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गरी थप व्यबस्थित बनाईनेछ ।
- व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा व्यबस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई आवश्यक तालिमहरु संचालन गरी उच्च कोटीको प्रविधि अवलम्बन गर्ने नीति ल्याईनेछ ।
- व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारिता कायम गर्न बिभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरु गरिने नीति लिईनेछ ।
- आन्तरिक लेखा परिक्षण पद्धतीलाई प्रभावकारी बनाईनेछ । बेरुजु हुन नदिने र फर्छयौटलाई व्यबस्थित गरिनेछ ।
- गाउँपालिकाको कार्यालयमा आन्तरिक संचार सुदृढ गर्न ईन्टरकम टेलिफोन प्रणालीलाई जडान गरिनेछ । गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षीत , पारदर्शी र थप व्यबस्थित बनाउन वडा कार्यालयहरुमा समेत क्रमश डिजिटल प्रविधि जडान गरिनेछ ।
- सूचना पहुँच अभिवृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई सूचना प्रविधि सम्वन्धि तालिम संचालन गरिनेछ । सम्पन्न योजना प्रणालीलाई सूचना प्रविधिमा आवद्ध गरिनेछ।
- नागरिक वडापत्रको प्रभावकारिता वृद्धि गर्न प्रविधिमा आधारित नागरिक वडापत्र तयार गरिनेछ। नागरिक वडापत्रलाई सबै तह , तप्का तथा वर्गको पहुँचमा पुर्याउने तर्फ आवश्यक काम गरिनेछ।

- सेवा प्रवाहमा समावेशीता तथा समानतामुलक व्यवहारको लागी First Come First Service मात्र होईन Last Come First Service को नीति पनि अवलम्बन गरिनेछ । यसबाट अशक्त, अपाङ्गता, भौगोलिक विकट क्षेत्रमा रहने सेवाग्राही लाभान्वित हुनेछन् ।
- स्थानीय सरकारलाई सर्जमिनको सरकार "Government on the spot" अनुभुती गराउनका लागी " जनतासँग जनप्रतिनिधि कार्यक्रम " मार्फत गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षको उपस्थितीमा प्रत्येक वडामा अन्तरसंवाद कार्यक्रम मार्फत गुनासो व्यबस्थापन गरिनेछ ।
- संस्थागत क्षमता विकास मार्फत सेवा प्रवाहमा चुस्तता ल्याउन जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिमा जोड दिइनेछ । यसका लागी तालिम , प्रशिक्षण तथा अवलोकन भ्रमण व्यबस्थापन गरिनेछ ।
- समग्र कर्मचारी तथा जनप्रतिनिधिलाई नतिजाप्रति जवाफदेहिताका लागी कार्यसम्पादन सम्झौता गरी कार्य व्यबस्थापन प्रणाली सुदृढ गरिने छ ।
- संस्थागत स्व-मूल्यांकन गरिने र सदाचार प्रवर्धन र भ्रष्टाचार नियन्त्रण गरिने छ ।
- पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिने छ ।
- कानून निर्माण र पुनरावलोकन गरिने छ ।

## वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### खानेपानी तथा सरसफाई

- खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।
- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।
- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।
- सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।

- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।
- शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक) गरिनेछ ।
- अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्वन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।
- प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ ।
- गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।
- खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

## वन तथा वातावरण

- गाउँपालिकाका सबै नाङ्गो ठाउँहरुमा ब्यापक मात्रामा बृक्षारोपण गरी यस पालिकालाई हराभरा गाउँपालिकाको रुपमा पहिचान दिलाइनेछ । जसले पर्यावरणिय पर्यटनको विकासमा ठोस योगदान पुग्नेछ ।
- लोप हुन लागेका वन्यजन्तु तथा चराचुरुङ्गिको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालिको सन्तुलनका लागि छुट्टै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा ईको पार्क, चिलड्रेन पार्क र पिकनिक स्थलको विकासको कार्य ठोस रुपमा अगाडी बढाइने छ ।
- ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न गरिएका खोलाहरूबाट मात्र खोलाजन्य पदार्थ संकलन गरिनेछ साथै प्रतिवेदनमा सिफारिस भएका सुझावहरू पालना भए नभएको प्रभावकारी अनुगमन कार्यलाइ निरन्तरता दिइनेछ ।
- पालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE/EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावलीले दिएको क्षेत्राधिकार भित्र रही आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाका सडकलाई हरियाली बनाउन हरेक सडकको छेउमा बहुबर्षे फलफुलका विरुवा (ओखर, एभोकाडो आदि) बृक्षारोपन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- वन नर्सरी स्थापना गरिनेछ ।

- अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य गरिनेछ ।
- भू तथा जलाधार संरक्षण गरिनेछ ।
- निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन गरिनेछ।
- पानी भरण पोखरीहरूको निर्माण गरिनेछ ।
- सामुदायिक वनको लागत तयारी र कार्ययोजना तर्जुमा र स्वीकृति गरिनेछ ।

## विपद ब्यबस्थापन तथा जलवायु परिवर्तन .

- विपद जोखिम पूर्वानुमान , पूर्वतयारी , प्रतिकार्य र पुर्नलाभ सम्वन्धि क्षमता बिकासका लागी आवश्यक बन्दोबस्त तथा सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।
- बिकास निर्माणका गतिविधि संचालन गर्दा विपद जोखिमका सम्वन्धमा विचार पुर्याईनेछ ।
- विपद सूचना दिएर नआउने भएकाले विपदसँग लड्न प्रकोप व्यवस्थापन कोषमा थप रकम व्यबस्थित गरिनेछ ।
- जलवायु परिवर्तन मौन विश्वव्यापी संकटको रुपमा देखा पर्दैछ । जलवायु परिवर्तन अनुकुल क्षमता अभिवृद्धी तथा प्रतिकुल प्रभावको न्युनिकरणका लागी साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- सडक , नाली ,सार्बजनिक स्थल र खुल्ला स्थानमा फोहोर फाल्नेलाई कारवाही गरिनेछ। सोको प्रभावकारी अनुगमनको व्यबस्था मिलाईनेछ । सरसफाई र फोहोर व्यबस्थापनलाई व्यबस्थित बनाउन वडा स्तरमा फोहोर व्यबस्थापन तथा अनुगमन समिति गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।
- जैविक , अजैविक फोहोरलाई उत्पादन तह देखी नै वर्गिकरण गरी जैविक फोहोरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गरिनेछ । नगल्ने फोहोर व्यबस्थापनका लागी मुख्य मुख्य ठाँउमा इन्सिनेटर राखेर जलाउने व्यवस्था गरिनेछ ।

# भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

- लिखुपिके गाउँपालिका प्रशासनिक भवन समयमै सम्पन्न गरी प्रयोगमा ल्याइनेछ । साथै वडा न. ३ को वडा भवन निर्माणको तयारी सुरु गरिनेछ ।
- लिखुपिके गाउँपालिकाको आवधिक योजना अनुरुप भौतिक संरचना निर्माण गरिनेछ । आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

- पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी 'आयोजना बैंक' तयार गरिनेछ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको भूउपयोग नीति अनुसार वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
- एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।
- विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।
- नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवंम स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्वन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- आवासीय भवनमा "एक घर-एक विरुवा" नीति लिइनेछ ।
- गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ ।
- गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।
- गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।
- पार्क निर्माण नीति ल्याइनेछ ।
- गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिका ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ ।

- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लागत तयार,अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।
- प्रभावकारी सम्पति व्यवस्थापनका लागि सम्पति व्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।
- पूर्वाधारका योजनाको निर्माण तथा सन्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- १२ महिना गाडी गुड्न सक्ने गरी बाटोको स्तरवृद्धि गरिनेछ । नाला कजवे निर्माण गरिनेछ ।
- वडाको प्रशासनिक भवन व्यवस्थापनको काम अगाडी बढाईनेछ ।
- आवश्यक स्थान पहिचान गरी डिपि आर तयार गरि नयाँ सडकको निर्माण गरिनेछ ।
- पालिकामा सुविधा सम्पन्न बसपार्क निर्माण गरिने छ ।
- गाउँपालिकाभित्र रहेको सडकहरुको लागत कट्टा गरिने कार्यको थालनी गरिनेछ ।
- अनुगमन सम्बन्धि उपभोक्ता समितिहरुको गुनासोलाई न्यूनीकरण गर्न र अनुगमनलाई अझ बढी प्रभावकारी बनाउन अनुगमन तालिका बमोजिम योजना अनुगमन संयन्त्रले प्रभावकारी अनुगमन गरि प्रतिवेदन पेश पछि अध्यक्षबाट स्विकृत भए पश्चात भुक्तानीको प्रकृया अगाडी बढाइनेछ ।
- अन्तरपालिका तथा अन्तर जिल्ला जोड्ने रणनितिक सडकहरुको पहिचान गरि निर्माणका लागि सम्बन्धित स्थानीय तह तथा प्रदेश र संघीय सरकार सँगको सहकार्यलाई बढावा दिईनेछ ।
- मुख्य बजार क्षेत्रमा निर्माणहुने घर/कार्यालय तथा व्यापारिक कम्प्लेक्सहरुलाई गाउँपालिकाको भवन निर्माण संहिताको मापदण्डमा रहेर मात्रै निर्माण अनुमति दिईने छ भने व्यवस्थित शहरीकरणलाई जोड दिईने छ ।
- ग्रामिण मौलिकता झल्किने खालको घरहरु बनाउन प्रोत्साहित गरिनेछ ।
- बजारोन्मुख स्थानहरुमा एकीकृत बस्ति विकास योजना तर्जुमाको लागि अध्ययन गरिनेछ ।
- वैज्ञानिक घर ठेगाना प्रणाली (Metric Addressing System with Street Naming) को अवलम्बन गरी गाउँपालिकाभित्रका मुख्य सडक तथा गल्लीहरुको नामाकरण र घर संख्या (House Numbering) निर्धारण गरिनेछ ।
- गाउँ पालिका भित्रका सडकहरुको बर्गिकरण गरि उक्त सडकको रेखदेख र व्यवस्थापनको जिम्मा टोलसुधार समितिहरुलाई दिईने छ ।
- पालिकाका सडकहरुमा हरियाली कायम गर्न सडकमा वहुवर्षे फल दिने प्रजाति (ओखर, एभोगाडो, सल्ला, लोठ सल्लाआदि) का विरुवाहरु रोपिने कार्यलाई क्रमशः अगाडी बढाईने छ ।
- गाउँपालिका क्षेत्रभित्र नियमित बजार अनुगमन गरिनेछ । खाद्यवस्तुको गुणस्तर परीक्षण गरिनेछ साथै कालोबजारी नियन्त्रण गरिनेछ ।
- यातायात अध्यावधिक गरी कार्यान्वयन गरिनेछ ।

- सडक मापदण्ड तथा नीति नियम निर्माण गरिनेछ ।
- स-साना पुलहरू तथा कल्भर्टहरू निर्माण गरिनेछ ।
- झो.पु. हरू, सडक पुलहरू निर्माण गरिनेछ ।
- सडक, गोरेटो बाटो, पर्यटकिय पदमार्गहरूको मर्मत तथा स्तर उन्नति गरिनेछ ।
- आवश्यकता अनुसार बैकल्पिक पदमार्ग निर्माण गरिनेछ ।
- सार्वजनिक जग्गा र भवनहरूको लागत संकलन र अभिलेख व्यवस्थापन गरिनेछ ।
- सार्बजनिक भवनहरूको लागत राखी अभिलेखीकरण गरिनेछ ।
- साना तथा मझौला नदि नियन्त्रण गरिनेछ ।

## न्यायिक शाखा सम्बन्धि नीति तथा कार्यक्रम

- न्यायिक समितिलाई थप व्यवस्थित बनाउन न्याय सम्पादन कार्यलाई छिटोछरितो, प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- सामुदायिक मेलमिलाप केन्द्रलाई थप ब्यबस्थित गरिनेछ ।
- न्यायिक समितिबाट निशुल्क रुपमा प्रवाह गरिरहेको न्याय सम्पादन कार्यलाई निरन्तरता दिईनेछ।
- न्यायिक समिति र जनता बिच प्रत्येक वडामा गई गुनासो/समस्या संकलन र समाधान गर्ने कार्य गरिनेछ ।
- कानुनि साक्षरता सम्बन्धि कार्यक्रम वडास्तरमा संचालन गरिनेछ ।
- हिंसा पिडित महिलाहरुको पुनःस्थापना, उद्धार र निशुल्क कानूनी उपचारको लागी प्रदेश सरकारको सहकार्यमा सेवा केन्द्र संचालन गरी सेवा प्रदान गरिनेछ ।
- न्यायिक समितिका कामलाई प्रभावकारी बनाउन मुद्दा दर्ता , बहस फैसलालाई चुस्त दुरुस्त बनाईनेछ ।
- वडा स्तरमा न्याय सम्पादनका लागि "नागरिक संग उपाध्यक्ष" कार्यक्रम संचालन गरिनेछ ।

## राजश्व परिचालन तथा स्रोत अभिवृद्धि सम्बन्धि नीति

- गाउँपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै लगिनेछ ।

- गाउँपालिकामा सञ्चालित होटल, रेष्टुरेन्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा व्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेशन गर्ने र करको दायरामा ल्याइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गरीनेछ ।
- वन पैदावर व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी वृद्धि गरीनेछ ।
- गाउँपालिकाले पर्यटनमा हरित शुल्क लगाई आय आर्जन गर्ने रणनीति अवलम्बन गरीनेछ ।
- केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गरीनेछ ।
- गाउँपालिकाले सम्भाव्य ठूला परियोजनाहरु विद्युत, पर्यटन विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग, आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गरीनेछ ।
- व्यबसायीलाई कर तिर्न प्रोत्साहित गर्न विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम संचालन गर्नुका साथै राजस्व संकलन कार्यलाई व्यबस्थित गर्न विद्युतीय प्राणालीको उपयोग वडा कार्यालयबाट कर शुल्क तथा दस्तुर असुल गर्ने व्यबस्था मिलाईनेछ ।
- वार्षिक रुपमा व्यबसाय कर असुली कार्यलाई थप प्रभावकारी बनाउन 'व्यबसाय कर तिरौं, विकास कार्यमा सरिक हौं' भन्ने नाराका साथ वडा समिति र टोल बिकास संस्थाहरुलाई अभिमुखिकरण सहित शशक्त बनाई परिचालन गरिनेछ ।
- गाउँसभाद्वारा पारित कर, असोज मसान्त भित्र बुझाउनेलाई सम्पत्ती कर, व्यबसाय कर, घर बहाल करमा लाग्ने करमा १०% छुट दिईनेछ ।
- आफ्नो वा सगोल परिवारले गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने कर शुल्क, दस्तुर समयमा नबुझाई बक्यौता राखेमा करदातालाई यस गाउँपालिकाबाट प्रदान गरिने कुनै पनि सेवा सुविधा तथा सिफारिस रोक्का गरिनेछ ।
- लिखुपिके गाउँपालिकालाई नियमित र बार्षिक रुपमा सबै भन्दा बढी कर तिर्ने करदातालाई प्रोत्साहान स्वरुप सम्मान गरिनेछ ।
- लिखुपिके गाउँपालिकाको स्वामित्वमा रहेको संरक्षण र भोगचलन गर्न सक्ने भवन, जग्गा जमिन, खोलानाला तथा प्राकृतिक स्रोत साधनको अभिलेख अद्यावधिक गरी प्राप्त राजस्वलाई आम्दानीको माध्यमको रुपमा परिचालन गरिनेछ । यस्तो स्रोत परिचालन गर्दा प्रतिष्पर्धात्मक पद्धतिको अवलम्बन गरिनेछ ।
- स्रोत परिचालन र व्यबस्थापनमा लिखुपिके गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन प्रचलित कानुन बमोजिम लगाउन सकिने सबै स्रोतहरुको वास्तविक पहिचान, विश्लेषण तथा समग्र राजश्व सम्भाव्यताको विस्तृत अध्ययन गरिनेछ ।

## भूमि सुधार सम्बन्धि नीति

- गाउँपालिका क्षेत्रमा सार्वजनिक जग्गाको यकिन गरी वृहत भू-उपयोग योजना (Land Use Plan) नीति अनुसार आवादी जग्गालाई बाँझो राख्ने प्रवृत्ति अन्त्यका लागि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

## योजना, कार्यान्वयन ,अनुगमन तथा मूल्याङ्कन सम्बन्धि नीति

- आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्यका लागि उपभोक्ता समितिलाई नै जिम्मेवारी बनाउने नीति अख्तियार गरिनेछ ।

  आयोजना व्यवस्थापन प्रणालीका लागी लिखुपिके गाउँपालिकामा संचालन गर्नु पर्ने आयोजनाहरुको प्रोजेक्ट बैंक तयार गरिनेछ र प्रदेश तथा संघको सहकार्यमा आयोजना कार्यान्वयन गरिनेछ ।
- नतिजामुलक आयोजना प्राणलीको लागी सहभागितामुलक अनुगमन तथा मुल्याङकन प्रणालीको अवलम्बन गरिनेछ ।
- आयोजनाबाट प्राप्त नतिजाको प्रभावकारीताको मापनको लागी सार्वजनिक लेखा परिक्षण , सामाजिक परिक्षण , सार्बजनिक सुनुवाई विधिको प्रभावकारी उपयोग गरिनेछ ।

## साझेदारी

- गाउँपालिकाको दीर्घकालिन आयस्रोत निर्माण हुने तथा राम्रो प्रतिफल प्राप्त हुने आयोजनाहरु आर्थिक साझेदारी गर्ने सरकारी तथा निजि बैकहरु, अन्य संघ-संस्थाहरुसंग ऋण, अनुदान तथा साझेदारीमा सञ्चालनमा ल्याईनेछ ।
- सिमाना जोडिएका पालिकाहरुसँग समन्वय गरी बहुपालिका विकास साझेदारी (Multiple Palika Development Collaboration) कार्यक्रमलाई अगाडि बढाईनेछ ।

# आर्थिक बर्ष २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम

आदरणीय सभाध्यक्ष तथा सदस्यज्युहरु ,

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा योजना तर्जुमा मा राखेको उद्देश्य तथा कार्यान्वयन गर्दा अवलम्बन गरिने दिर्घकालिन सोच, योजना तर्जुमाका आधारहरु, मुख्य नीतिहरु, बजेटको प्राथमिकता र उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सोच

लिखुपिके गाउपालिकाको आवधिक (पंचबर्शीय) योजनाको मूल नारा " **"कृषि, पर्यटन, उर्जा र पूर्वाधार लिखु पिके विकासको मुल आधार"** लाइ आत्मसात गर्दै यस गाउपालिकालाई समृद्ध गाउपालिका को रुपमा स्थापित गर्ने ।

२ .लक्ष्य

कृषी, पर्यटन, ऊर्जा सहकारी र पूर्वाधार लगायत क्षेत्रहरुको विकाश गर्ने र जनताहरुका आधारभूत आवश्यकता संग जोडिएका कार्यक्रमहरु संचालन गरि यस गाउपालिकालाई अनुकरणीय गाउपालिकाको रुपमा विकाश गर्ने ।

३ .उद्देश्य

यस गाउपालिकाको योजना तथा कार्यक्रमहरु स्थानिय उत्पादन तथा जनताको जीवन स्तर, आय आर्जन र रोजगारी संग आवद्द गरि जनताको जीवनस्तरमा सुधार ल्याई यस गाउपालिकालाई समृद्ध वनाउनु हाम्रो उद्देश्य रहेको छ ।

४. योजना तर्जुमाका आधारहरु

नेपालको संविधान, २०७२

स्थानिय सरकार संचालन ऐन, २०७४

नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

रास्ट्रिय प्राकृतिक स्रोत तथा वित आयोग ऐन, २०७४

संघ र प्रदेशको आवधिक योजना।

स्थानिय स्रोत साधन

दिगो विकाशको लक्ष्य

संघ, प्रदेश र स्थानीय तहले जारि गरेको नीति, कानुन तथा मापदण्डहरु

लिखुपिके गाउपलिकाको प्रथम पंचबर्षीय योजनाको लक्ष्य र प्राथमिकता

५. आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि तय भएका प्राथमिकताका क्षेत्रहरु:-

अनिबार्य र गुणस्तरिय शिक्षा

स्वास्थ्य जीवनको पहिलो आवश्यकता भएको हुनाले स्वास्थ्य क्षेत्र

आत्म निर्भर हुने गरि कृषि तथा पशु उत्पादनमुखी, व्यवशायमुखि तथा स्वरोजगारमुखी कार्यक्रमहरु

रोजगारी सिर्जना हुने कार्यक्रमहरु

गरिवी निवारण, पूर्ण सरसफाई तथा लैंगिक तथा समावेशी विकाशका लागि सामाजिक परिचालन कार्यक्रम

भाषा, साहित्य, कला संस्कृतिको संरक्षण र प्रवर्दन

स्थानीय स्रोत साधनको प्रयोग,

महिला बालबालिका तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुर्याउने कार्यक्रम,

पूर्वाधार विकाश, दिगो विकाश, वातावरणिय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने कार्यक्रम

सभाध्यक्ष महोदय,

लिखुपिके गाउपालिकाले प्रस्तावित बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत: नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार, आर्थिक कार्य प्रणालि, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालय र संघीय मामिला

तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामुलक योजना छनोट पद्दति, विकाश समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन लैंगिक शसक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी सहभागितात्मक योजना तर्जुमाका सबै चरणहरु पुरा गरि गाँउकार्यपालिका बाट स्वीकृत गरि यो गरिमामय गाउसभामा आगामि आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गरेको छु।

अव म आर्थिक वर्ष २०८०/८१ को लिखुपिके गाउपालिकको अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु।

# आ.व.२०८०/८१ को बार्षिक बजेट

| क्र.स. | अनुदानको श्रोत | अनुदान | रकम |
|---|---|---|---|
| १ | संघ | सशर्त अनुदान | १०३४०००० |
| २ | | समानीकरण अनुदान | ६८८००००० |
| ३ | | राजश्व बाडफाड | ४६७२०००० |
| ४ | | समपुरक अनुदान | ७०००००० |
| ५ | | विशेष अनुदान | ० |
| ६ | | पर्यटन रोयल्टी/विद्युत रोयल्टी | १०००००० |
| ७ | | जम्मा संघ तर्फ | २२६९२०००० |
| ८ | प्रदेश | सशर्त अनुदान | २००००० |
| ९ | | समानीकरण अनुदान | ३८६१००० |
| १० | | राजश्व बाडफाड | १८१९००० |
| ११ | | समपुरक अनुदान | १०००००० |
| १२ | | विशेष अनुदान | ० |
| १३ | | जम्मा प्रदेश तर्फ | १५८८०००० |
| १४ | स्थानिय/आन्तरीक | एकीकृत सम्पती कर | |
| १५ | | भुमिकर/मालपोत | ५००००० |
| १६ | | घरवहाल कर | ३००००० |
| १७ | | बैक मौज्दात | १०००००० |
| १८ | | वहाल विटौरी कर | |
| १९ | | सवारी साधन कर (साना सवारी) | |
| २० | | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | |
| २१ | | अन्य मनोरञ्जन कर | |
| २२ | | अखेटोपहारमा लाग्ने कर | |
| २३ | | अन्य कर/ | ६००००० |
| २४ | | खानी तथा प्राकृतिक श्रोतसाधन कर | ३००००० |
| २५ | | अन्य सेवा शुल्क तथा बिक्री | |
| २६ | | अन्य प्रशासनिक सेवा शुल्क | |
| २७ | | सिफारिश दस्तुर | ३००००० |
| २८ | | अन्य क्षेत्रको आय | |
| २९ | | प्रशासनिक दण्ड, जरिवाना र जफत | |
| ३० | | व्यवसाय कर | १००००० |
| ३१ | | वेरूजू | १००००० |
| ३२ | | जम्मा स्थानिय तर्फ | १२२००००० |
| | जम्मा | कुल जम्मा तीनै तहको बजेट | २५५०००००० |

लिखु पिके गाउँपालिका

चौलाखर्क,सोलुखुम्बु

आ.व. २०८०/८१ को गाँउपालिका तर्फका योजना तथा विनियोजित रकम

| क.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाँउपालिका प्रशासनिक कार्यालय भवन निर्माण साझेदारी | लिखु पिके गा.पा. | ७५,००,००० | | |
| २ | पाँच शैय्याको आधारभुत अस्पताल निर्माण साझेदारी | लिखु पिके गा.पा. | ७५,००,००० | | |
| ३ | डि.पि.आर. निर्माण कार्यक्रम | लिखु पिके गा.पा. | ५०,००,००० | | |
| ४ | पालिका एकिकृत कार्यसञ्चालन सफ्टवेयर खरिद | लिखु पिके गा.पा. | १०,००,००० | | |
| ५ | लिखुखोला नदिजन्य पदार्थ उत्खनन EIA | लिखु पिके गा.पा. | ५,००,००० | | |
| ६ | कोशीनासा-डिमारे-छागा-सामसिङ भञ्याङ EIA/IEE | लिखु पिके गा.पा. | १०,००,००० | | |
| ७ | निर्माणाधीन वडा नं. २ कार्यालय भवन साझेदारी | लिखु पिके गा.पा. | २६,००,००० | | |
| ८ | पालिका भित्र आर्थिक रुपले विपन्न परिवारलाई मृत्यु पछि संस्कार खर्च | लिखु पिके गा.पा. | १,५०,००० | | |
| ९ | देवीथान (शिव) मन्दिर व्यबस्थापन | लिखु पिके गा.पा. | ५,००,००० | | |
| १० | महिला,दलित तथा बिपन्न बर्गहरुको लागी क्षमता अभिबृद्धी तालिम कार्यक्रम | लिखु पिके गा.पा. | ३,००,००० | | |
| ११ | सगरडाँडा भकाञ्जे लामाजुरा सडक स्तरोन्नती | लिखु पिके गा.पा. | २०,००,००० | | |
| १२ | इरयुर थेक्छेक धुप उद्योग व्यबस्थापन | लिखु पिके गा.पा. | २,००,००० | | |
| १३ | गाँउपालिका कार्यालयको सौर्य उर्जा क्षमता थप कार्यक्रम | लिखु पिके गा.पा. | ४,००,००० | | |
| १४ | तीज कार्यक्रम | लिखु पिके गा.पा. | १,५०,००० | | |
| १५ | मेलमिलाप सहजकर्ता तालिम कार्यक्रम | लिखु पिके गा.पा. | ५,००,००० | | |
| १६ | अपाङ्गता पुनर्थापना तथा जिबिकोपार्जन साझेदारी कार्यक्रम | लिखु पिके गा.पा. | ५,५०,०००। | | |
| १७ | समपुरक कोष | लिखु पिके गा.पा. | ८५,००,०००। | | |
| १८ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रमको लागी बास्केट फण्ड | लिखु पिके गा.पा. | १५,००,००० | | मौज्दात |
| १९ | आफ्नो गाँउ आफै सफा बनाउ कार्यक्रम | लिखु पिके गा.पा. | २,००,००० | | |
| २० | गाँउपालिका र वडा कार्यालयहरुको लागी तीन थान दुइ पाङ्ग्रे सवारी साधन खरिद | लिखु पिके गा.पा. | ४२,००,००० | बोलेरो गाडी मौज्दात बाट | |
| २१ | गाँउपालिका कार्यालयको लागी एक थान चार पाङ्ग्रे सवारी साधन खरिद | लिखु पिके गा.पा. | | | |
| २२ | संघसस्था समन्वय तथा राहत कार्यक्रम | लिखु पिके गा.पा. | २,००,००० | | |
| २३ | खानेपानी पाइप बितरण | लिखु पिके गा.पा. | २,००,००० | | |
| २४ | सुचना तथा सञ्चार | लिखु पिके गा.पा. | १,००,००० | | |
| २५ | घरेलु हिंसा प्रभावित सहयोग कार्यक्रम | लिखु पिके गा.पा. | १,००,००० | | |
| २६ | भैपरी आउने खर्च | लिखु पिके गा.पा. | ६,००,००० | | |
| २७ | नागथान गुम्वा ग्रेड डाउन तथा सडक सोलिङ कार्यक्रम | वडा नं. १ | ५,००,००० | | |
| २८ | पिके याज्र्याङ ल्हारी घर निर्माण | वडा नं. १ | ५,००,००० | | |
| २९ | सडक सरसफाइ | वडा नं. १ | ८,००,००० | | |
| ३० | रासिन्दु यर्माखु सडक सोलिङ | वडा नं. १ | २,००,००० | | |
| ३१ | धनेमोड राक्सानी भल नियन्त्रण | वडा नं. २ | ५,००,००० | | |
| ३२ | जोलखु पोखरी सडक ग्याबियन वाल निर्माण | वडा नं. २ | ३,००,००० | | |
| ३३ | चण्डिथान साउनासा सडक सोलिङ | वडा नं. २ र १ | ३,००,००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | सडक सरसफाइ | वडा नं. २ | ५,००,००० | | |
| ३५ | ग्यानेन्द्र मोड -सिरुवा ट्र्याक ओपन | वडा नं.३ | ३,००,००० | | |
| ३६ | चौलाखर्क-देवीथान ट्र्याक ओपन | वडा नं. ३ | ३,००,००० | | |
| ३७ | सडक सरसफाइ | वडा नं. ३ | ३,००,००० | | |
| ३८ | सुवेदी टोल तेर्सो सडक सोलिङ | वडा नं. ४ | २,००,००० | | |
| ३९ | भोटेकुलो भल नियन्त्रण | वडा नं. ४ | २,००,००० | | |
| ४० | कुँडार भल व्यबस्थापन | वडा नं. ४ | ४,००,००० | | |
| ४१ | गुञ्जेघडेरी लेलपु ट्र्याक ओपन | वडा नं. ४ | ३,००,००० | | |
| ४२ | दोक्षिम-घट्टेखोला-डुँडाटार सडक स्तरोन्नती | वडा नं. ४ | ३,००,००० | | |
| ४३ | सडक सरसफाइ | वडा नं. ४ | ३,००,००० | | |
| ४४ | किचाङ डाँडा-दोर्मा गाँउपालिका कार्यालय सडक ट्र्याक ओपन | वडा नं.४ र ३ | ८,००,००० | | |
| ४५ | चन्द्रज्योती मा.वि.भवन घडेरी,सडक तथा खेलमैदान निर्माण बाँकी भुक्तानी | वडा नं. ५ | ६,००,००० | | मौज्दात |
| ४६ | काडरिङ छोलिङ गुम्बा ग्याबियन वाल निर्माण | वडा नं. ५ | ४,००,००० | | |
| ४७ | सडक सरसफाइ | वडा नं. ५ | ८,००,००० | | |
| ४८ | छिरिङखर्क बौद्ध ग्राउण्ड व्यबस्थापन | वडा नं. ५ | १,००,००० | | |
| | | | ५,४३,५०,००० | | |

पशुस्वास्थ्य/भेटेरीनरी तर्फः

| क्र.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशुपन्छी औषधी खरिद | लिखु पिके गा.पा. | १०,००,०००। | | |
| २ | बाखापालक कृषक प्रोत्साहन कार्यक्रम | लिखु पिके गा.पा. | २,००,००० | | |
| ३ | नाइट्रोजन खरिद व्यवस्थापन | लिखु पिके गा.पा. | १,००,००० | | |
| | जम्मा | | १३,००,००० | | |

पञ्जीकरण सेवा इकाई

| क्र.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सेवा इकाईमा कार्यरत कर्मचारीको पारिश्रमिक(श्रोत साझेदारी) | लिखु पिके गा.पा. | ४,५०,००० | | |
| | जम्मा | | ४,५०,००० | | |

शिक्षा तर्फः

| क्र.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ई.सि.डी.व्यबस्थापन | लिखु पिके गा.पा. | १,००,००० | | |
| २ | हिमगंगा मा.बि. थप संकायको लागी शिक्षकको तलब | लिखु पिके गा.पा. | ६,५०,००० | | |
| ३ | उत्कृष्ट विद्यार्थी तथा शिक्षक छनोट पुरस्कार(टिचर अफ द मन्थ) | लिखु पिके गा.पा. | २,००,००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन | लिखु पिके गा.पा. | ३,००,००० | | |
| ५ | चन्द्रज्योती मा.वि. लाइब्रेरी शिक्षक तलब | लिखु पिके गा.पा. | २,००,००० | | |
| ६ | शैक्षिक क्यालेण्डर | लिखु पिके गा.पा. | १,००,००० | | |
| ७ | मञ्जुश्री आ.बि. निजी शिक्षक थप तलब | लिखु पिके गा.पा. | १,००,००० | | |
| ८ | चन्द्रज्योती मा.बि. कार्यालय सहयोगी तलब | लिखु पिके गा.पा. | १,१९,००० | | |
| ९ | निजि शिक्षकहरुको तलब | लिखु पिके गा.पा. | ३१,५०,००० | | |
| १० | स्थानियं स्काउटलाई कार्यालय संचालन खर्च | लिखु पिके गा.पा. | १,००,००० | | |
| ११ | खेलकुद सामाग्री बितरण | लिखु पिके गा.पा. | ५,००,००० | | |
| १२ | तीन वटा मा.बि. हरुको लागी लेखापाल थप तलब | लिखु पिके गा.पा. | ३,५०,००० | | |
| | | | ५८,६९,००० | | |

स्वास्थ्य तर्फः

| क्र.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला स्वास्थ्य स्वयसेबिका प्रोत्साहन भत्ता | लिखु पिके गा.पा. | ३,२४,०००। | | |
| २ | मेडिकल ओफिसर तलब भत्ता | लिखु पिके गा.पा. | १५,००,०००। | | |
| ३ | स्वास्थ्य सस्थाहरुका लागी औषधी तथा सर्जिकल सामग्री खरिद(दिर्घ रोगीहरुको औषधी खरिद समेत) | लिखु पिके गा.पा. | ५,००,०००। | | |
| ४ | डण्टल सेवाको सुरुवात | लिखु पिके गा.पा. | १३,००,०००। | | |
| ५ | कार्यक्रम कार्यान्वयन तथा अनुगमन मुल्याकन र ढुवानी खर्च | लिखु पिके गा.पा. | १,००,०००। | | |
| ६ | सुत्करी घरभेट तथा पोषण कार्यक्रम। | लिखु पिके गा.पा. | ३,००,०००। | | |
| ७ | अशक्त तथा वृद्धबृद्धाहरुको घरमै स्वास्थ्य जाँच तथा परीक्षण कार्यक्रम | लिखु पिके गा.पा. | १,००,०००। | | |
| | जम्मा | | ४१,२४,००० | | |

कृषि तर्फः

| क्र.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी विउ बितरण कार्यक्रम | लिखु पिके गा.पा. | ४,००,०००। | | |
| २ | माटो जाँचको लागी किटबक्सको व्यवस्था | लिखु पिके गा.पा. | १,००,०००। | | |
| ३ | कृषि मेला प्रदर्शनी पुरस्कार | लिखु पिके गा.पा. | ३,००,००००। | | |
| | जम्मा | | ८,००,०००। | | |

वडा नं.१ तर्फः

| क्र.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय सामान खरिद तथा फर्निचर व्यवस्थापन | लिखु पिके-१ | ५,००,०००। | | |
| २ | वडा कार्यालय वाल तथा घेरावार | लिखु पिके-१ | १०,००,००० | | |
| ३ | कोसिनासा खोला काठेपुल निर्माण | लिखु पिके-१ | १,१०,००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गोलि आवि कक्षा कोठा व्यवस्थापन | लिखु पिके-१ | ३,००,००० | | |
| ५ | रिगेलमु आ बि, सेति भुमि आ बि, लुमुकर्मा आ बि खानेपानि तथा इ सि डि व्यवस्थापन | लिखु पिके-१ | २,५०,००० | | |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम लागत साझेदारी | लिखु पिके-१ | २,९०,००० | | |
| ७ | पिके वेस क्याम्प खानेपानि पाईप खरिद | लिखु पिके-१ | १,००,००० | | |
| ८ | भैपरि खर्च | लिखु पिके-१ | २,३०,००० | | |
| ९ | व्यवसायिक कृषक अनुदान कार्यक्रम | लिखु पिके-१ | १,६०,००० | | |
| १० | गोलि चौकि मौलो पुजा | लिखु पिके-१ | ३०००० | | |
| ११ | यर्माखु थातिङ सडक ग्रेड डाउन तथा सोलिङ निर्माण | लिखु पिके-१ | २,००,००० | | |
| १२ | उर्गेन साङा छोलिङ गुम्बा सडक सोलिङ | लिखु पिके-१ | ३,००,००० | | |
| १३ | ट्याविज निर्माण | लिखु पिके-१ | ३०००० | | |
| | जम्मा | | ३५,००,००० | | |

वडा नं. २ तर्फ

| क.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम | लिखु पिके-२ | ३,००,००० | | |
| २ | खेलकुद तथा शिक्षा कार्यक्रम | लिखु पिके-२ | २,००,००० | | |
| ३ | वडा कार्यालय व्यवस्थापन | लिखु पिके-२ | ४,००,००० | | |
| ४ | राक्षेपु-सिमलभोटे-धाउखानी सडक ओपन निरन्तरता | लिखु पिके-२ | ५,००,००० | | |
| ५ | बुङदेल देबीथान मन्दिर बाटो र प्रवेशद्वार निर्माण | लिखु पिके-२ | १,५०,००० | | |
| ६ | आकस्मिक कोष | लिखु पिके-२ | २,००,००० | | |
| ७ | गोली चौकी मौलो पुजा | लिखु पिके-२ | ५०००० | | |
| ८ | चण्डीथान मन्दिर व्यवस्थापन | लिखु पिके-२ | २,००,००० | | |
| ९ | राङदा घाट निर्माण | लिखु पिके-२ | २,३०,००० | | |
| १० | यर्माखु शिव मन्दिर भवन निर्माण व्यवस्थापन | लिखु पिके-२ | २,००,००० | | |
| ११ | कमलामाई,नमुना र जनचेतना आ.बि. फर्निचर निर्माण | लिखु पिके-२ | ३,००,००० | | |
| १२ | चण्डेश्वरी आ.बि. घेराबार निर्माण | लिखु पिके-२ | २,००,००० | | |
| १३ | मैली मादलु र जिलु गोरेटो बाटो निर्माण | लिखु पिके-२ | १,५०,००० | | |
| १४ | बुद्ध मा.बि. डेस्कटप खरीद | लिखु पिके-२ | १,५०,००० | | |
| १५ | मिजारखारी खानेपानी निर्माण | लिखु पिके-२ | १,५०,००० | | |
| १६ | बिश्वकर्मा मन्दिर व्यवस्थापन | लिखु पिके-२ | १,००,००० | | |
| १७ | हुलाक घरभाडा | लिखु पिके-२ | २०००० | | |
| | जम्मा | | ३५,००,०००। | | |

वडा नं. ३ तर्फ

| क्र.सं. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफि |
|---|---|---|---|---|---|
| १ | श्री मञ्जु श्री आ.वि. किवि खेति र टनेला खरिद व्यवस्थापन | लिखु पिके-३ | २,००,०००।- | | |
| २ | रोजगार सेवा इकाई केन्द्रसँग साझेदारी कार्यक्रम | लिखु पिके-३ | ५,००,०००।- | | |
| ३ | लिखु पिके गा.पा.को ३ नं. वडा अन्तगर्त सबै विद्यालयहरुका ECD र शैक्षिक सामग्रीहरु खरिद कार्यक्रम | लिखु पिके-३ | ५,००,०००।- | | |
| ४ | खड्का गाउँ, दमई टोल हुदैं दमई घाट/मिठेपानी सोतिघाट गोरेटो बाटो सिढि निर्माण | लिखु पिके-३ | ५,००,०००।- | | |
| ५ | राइदाघाट निर्माण कार्यक्रम (२ नं. वडाको साझेदारीमा) | लिखु पिके-३ | ३,००,०००।- | | |
| ६ | कृषि विउ, विजन वेर्ना उत्पादन साझेदारी कार्यक्रम | लिखु पिके-३ | ५०,०००।- | | |
| ७ | फोहरमैला संकलन, ढुवानी तथा फोहर व्यवस्थापन एवं जनचेतना मूलक कार्यक्रम | लिखु पिके-३ | १,००,०००।- | | |
| ८ | ३ नं. वडामा उचित दूई स्थानमा दुई प्रतिक्षालय निर्माण | लिखु पिके-३ | ४,००,०००।- | | |
| ९ | ३ नं. वडा अन्तरगर्त विद्यालयस्तरीय साँस्कृति तथा खेलकुद अन्तर प्रतिभा कार्यक्रम र हिमगंगा मा.वि.स्टाप दराज निर्माण कार्यक्रम | लिखु पिके-३ | १,७०,०००।- | | |
| १० | संचार व्यवस्थापन कार्यक्रम | लिखु पिके-३ | ५०,०००।- | | |
| ११ | लोकसेवा आयोग पुस्तक खरिद तथा जानकारी मूलक जनचेतन कार्यक्रम | लिखु पिके-३ | १,००,०००।- | | |
| १२ | सिरुवा आ.वि. देखि मञ्जु श्री आ.वि. सम्म गोरेटो बाटो सिढि निर्माण | लिखु पिके-३ | ५,००,०००।- | | |
| १३ | विविध | लिखु पिके-३ | १,३०,०००।- | | |
| | | | ३५,००,००० | | |

वडा नं. ४ तर्फ

| क्र.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफिय |
|---|---|---|---|---|---|
| १ | पहिरे खोला उप्चाङ सडक स्तरोन्नती तथा ग्याबियन वाल निर्माण | लिखु पिके-४ | ४५०,००० | | |
| २ | राधाकृष्ण मन्दिर धर्मशाला निर्माण | लिखु पिके-४ | ४५०,००० | | |
| ३ | जनसेवा आ.बि. सरस्वती मन्दिर निर्माण र कार्यालय फर्निचर व्यबस्थापन | लिखु पिके-४ | ३००,००० | | |
| ४ | प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम | लिखु पिके-४ | ४००,००० | | |
| ५ | सरस्वती आ.बि. खेलमैदान,ECD व्यबस्थापन | लिखु पिके-४ | २००,००० | | |
| ६ | सिंह सेतीदेवी आ.बि. ECD कक्षाकोठा निर्माण तथा व्यबस्थापन | लिखु पिके-४ | २००,००० | | |
| ७ | आधारभुत स्वास्थ्य सेवा केन्द्र पर्खाल र खानेपानी निर्माण | लिखु पिके-४ | २००,००० | | |
| ८ | दोक्षिम फोती गोरेटो बाटो सिँढी निर्माण | लिखु पिके-४ | २००,००० | | |
| ९ | डुँडा ठुलढुंगा खाम्दिङ गोरेटो बाटो सिँढी निर्माण | लिखु पिके-४ | २००,००० | | |
| १० | उप्चाङ कुलडाँडा गोरेटो बाटो सिँढी निर्माण | लिखु पिके-४ | २००,००० | | |
| ११ | लेलपु-माझगाँउ गोरेटो बाटो सिँढी निर्माण | लिखु पिके-४ | २००,००० | | |
| १२ | चिया नर्सरी निर्माण | लिखु पिके-४ | १५०,००० | | |
| १३ | महिला कृषि समुह तरकारी खेती अनुदान | लिखु पिके-४ | १५०,००० | | |
| १४ | बालबालिका खेलकुद कार्यक्रम | लिखु पिके-४ | १००,००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | जनसेवा आ.वि. छेउ बाटो निर्माण | लिखु पिके-४ | ५०,००० | | |
| १६ | सुचना सञ्चार कार्यक्रम | लिखु पिके-४ | २५,००० | | |
| १७ | प्रहरी चौकी मौलो पुजा | लिखु पिके-४ | २५,००० | | |
| | जम्मा | | ३५,००,००० | | |

वडा नं. ५ तर्फ

| क.स. | योजना शीर्षक | योजना स्थल | विनियोजित रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सगरडाडा शिब पार्बति मन्दिर किचन घर निर्माण निरन्तरता | लिखु पिके-५ | ८,००,००० | | |
| २ | वडा कार्यालय व्यवस्थापन | लिखु पिके-५ | ४,००,००० | | |
| ३ | किन्जा आमा समुह भवन निर्माण निरन्तरता | लिखु पिके-५ | २,५०,००० | | |
| ४ | नेपाल थामी समाज ग्यावियन वाल निर्माण | लिखु पिके-५ | २,५०,००० | | |
| ५ | साडा छोलिङ गुम्बा फर्निचर निर्माण तथा ढलान | लिखु पिके-५ | ४,००,००० | | |
| ६ | समिक्षा हल भकान्जे शैचालय निर्माण | लिखु पिके-५ | २,५०,००० | | |
| ७ | होस्टेल व्यवस्थापन | लिखु पिके-५ | ५,००,००० | | |
| ८ | सगरडाडा आ.वि. तेर्सो सडक सोलिङ | लिखु पिके-५ | २,४०,००० | | |
| ९ | वडा कम्प्युटर अपरेटर तलब | लिखु पिके-५ | २,३४,००० | | |
| १० | प्रहरी चौकी किन्जाको फर्निचर खरिद | लिखु पिके-५ | १,००,००० | | |
| ११ | सगरमाथा चिया प्रशोधन सहकारी सस्था डिजेल खरिद | लिखु पिके-५ | १,००,००० | | |
| | जम्मा | | ३५,००,००० | | |

कुल जम्मा समानीकरण र मौज्दात, पर्यटन रोयल्टी -८,४३,९३,०००।

कुल जम्मा शसर्त (संघ र प्रदेश)-१०,३६,००,०००।

कुल जम्मा राजश्व बाँडफाँड(संघ र प्रदेश) र आन्तरीक आम्दानी -५,००,०७,०००

कुल जम्मा समपुरक अनुदान-१,७०,००,०००

कुल जम्मा बजेट-२५,५०,००,०००।

शसर्त अनुदान खर्च शीर्षक नं. ३७००१०१२(१.१.१.८८)मा स्थानीय तहका स्वास्थ्य चौकी,प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब,महँगी भत्ता,स्थानीय भत्ता,पोसाक भत्ता लगायत अन्य प्रशासनिक खर्च शीर्षकमा एकमुष्ठ बिनियोजित रकम रु १,३७,००,०००(एक करोड

| क.स. | खर्च शीर्षक | रकम रु अक्षरमा | रकम रु अंकमा | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारीहरुको तलब,महंगी भत्ता,स्थानीय भत्ता,पोसाक भत्ता | एक करोड बीस लाख | १,२०,००,००० | |
| २ | स्वास्थ्य शाखा तथा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको लागी कार्यालय सञ्चालन तथा स्टेशनरी खर्च | दश लाख | १०,००,००० | |
| ३ | सञ्चार खर्च | चौबीस हजार | २४,००० | |
| ४ | कार्यक्रम कार्यान्वयन तथा भ्रमण खर्च | दुई लाख | २,००,००० | |
| ५ | अतिरिक्त,नाइट तथा ओभरटाइम भत्ता | दुई लाख | २,००,००० | |
| ६ | बिद्युत महसुल खर्च | दुई लाख | २,००,००० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | विविध खर्च | छैहत्तर हजार | ७६,००० | |

सर्त अनुदान पुँजीगत खर्च शीर्षक नं. ३०८००१०४ मा राष्ट्रीय ग्रामीण तथा नबीकरणीय उर्जा कार्यक्रम मा बिनियोजित एकमुष्ट रकम रु दश लाख मध्येबाट यस गाँउपालिका अन्तर्गतका वडाहरु क्रमशः१,२,४,५ र गाँउपालिका शिक्षा शाखामा सोलार खरिदको लागी रु २ लाखका दरले खर्च गर्ने निर्णय लिइयो ।

सर्त अनुदान चालु खर्च शिर्षक नं.३५००१८०१ (२.७.१३.४०) मा माध्यामिक तह कक्षा ९-१० मा अंग्रेजी,गणित र बिज्ञान बिषयमा शिक्षण सहयोग अनुदान खर्च शीर्षकमा बिनियोजित रकम रु ५ लाख ६८ हजार मध्येबाट चन्द्रज्योती मा.बि. भकाञ्जेलाई एक जना बिज्ञान शिक्षक अनुदान उपलब्ध गराउने निर्णय लिइयो ।

सभाध्यक्ष महोदय,

यस गाउँपालिकाका गौरवका आयोजनाहरु, गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठुला योजनालाई कार्यान्वयन गर्नका लागि केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पेश गर्ने गरि प्रस्ताव गरेको छु। साथै यस लिखुपिके गाउँपालिकाले आगामि आर्थिक वर्ष २०८०/०८१ मा विशेष गरी गाँउपालिकाको प्रशासकीय कार्यालय भवन निर्माण,पाँच शैय्याको आधारभुत अस्पताल निर्माण साझेदारी,शिक्षा, स्वास्थ्य , मोटर बाटोको स्तरन्नोति गर्ने, रास्ट्रिय प्रसारणको लाइन घरघरमा पुर्याउने लगायतका मुख्य मुख्य आयोजनाहरु संचालन गरिने छ। यसै आ.ब.मा गाउँपालिकामा डेन्टल सेवाको सुरुवात, बिभिन्न योजनाहरुको IEE/ EIA गरि कार्यान्वयनको सुरुवात, सार्वजानिक सेवा प्रवाहमा सहजता प्रदान गर्न गाउँपालिकाकको एकिकृत कार्यसञ्चालन सफ्टवेयर सञ्चालन गरिने छ। साथै आफ्नो गाउँ सुन्दर र सफा राखौ भन्ने नाराको साथ गाउँ तथा वजार क्षेत्रमा सरसफाई अभियान सञ्चालन गरिनेछ। वडा स्तरमा अति महत्वपूर्ण रहेका योजना तथा कार्यक्रमहरु वडा समितिको निर्णयअनुसार बिनियोजन गर्नका निम्ति प्रति वडामा रु ३५,००,०००। (पैतीस लाख ) को सिलिङ्ग वडामा पठाइएकोमा सोहि अनुरुप वडाबाट आएका योजना तथा कार्यक्रमहरु र स्थानीय सरकार संचालन ऐनको प्रावधान पुरा गरि बस्तिस्तर बाट माग भै वडा समिति बाट सिराफिस भै आएका योजना तथा कार्यक्रम हरु तथा गाउपालिकाका महत्वपुर्ण योजना तथा कार्यक्रमहरु आगामी आर्थिक वर्ष मा संचालन गर्ने गरि समेटिएको जानकारी गराउदछु।

साथै विकास साझेदारी गर्न सिमाना जोडिएका गाउपालिका तथा नगरपालिका संग समझदारी कायम गरी साझेदारीमा विकास निर्माणको कामलाइ अगाडी बढाइने छ।

श्रद्धय अध्यक्ष लगायत सदस्य ज्यूहरु,

गाउपालिकाले हालसम्म प्राप्त गरेको उपलब्धिहरुलाइ संस्थागत गर्दै आर्थिक , सामाजिक र सांस्कृतिक क्षेत्रको तिब्र बिकाश गरि सम्वृद्ध लिखुपिकेको आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम पेश गरेको छु। यो बजेट तथा कार्यक्रमको सफल कार्यान्वयन बाट नेपाल सरकारले तोकेको लक्ष्य तथा गाउपालिकाको आवाधिक योजनाको उद्देश्य पुरा गर्ने पहिलो माध्यमको सुरुवातमा सघाउ पुग्ने आशा लिएको छु।

लिखुपिकेलाइ सोलुखुम्बु जिल्ला भित्र उदीयमान , बिकासशील गाउपालिकाको रुपमा स्थापित गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कार्मचारी हरुको योगदान अमुल्य हुने भएकाले यो बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सवै क्षेत्र बाट योगदान हुने विश्वास ब्यक्त गर्दछु।

अन्त्यमा गाउपालिकको चालु आर्थिक बर्षको योजना तथा कार्यक्रमहरु संचालन एंव सम्पन्न गर्न तथा आगामी आर्थिक बर्ष २०८०/८१ को बजेट तयारीमा आ-आफ्नो क्षेत्र बाट महत्वपूर्ण भूमिका निर्बाह गर्ने संघ/प्रदेशका माननीय संसद ज्यू हरु , स्थानिय राजनीतिक दलका पदाधिकारी ज्यू हरु,संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यू हरु , कार्मचारीहरु , स्थानिय ब्यवसायी , श्रामजिबीहरु , बुद्धिजिवी , संचारकर्मी तथा सम्पूर्ण लिखुपिकेका नागरिकहरु लाइ धन्यवाद दिन चाहन्छु ।

धन्यबाद जय नेपाल